नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

नयाँ बानेश्वर, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३।०८४
चलानी नः ३२

मितिः २०८३।०५।३१
ने.सं. ११४६

विषयः जानकारी सम्बन्धमा।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नं.: १५७८
मि.: ६।०१

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(योजना तथा विकास सहायता समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा सहकारी संस्थाको लागि साविकमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत कायम गर्न सिफारिस गरेको हुँदा मिति २०८३ साल असोज १ गते देखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको व्यहोरा सहकारी नियमावली २०७५ को नियम (७) प्रयोजनका लागि तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ। साथै, सहकारी संस्थाको सन्दर्भ ब्याजदर सम्बन्धमा यस कार्यालयबाट जारी भएको सन्दर्भ ब्याजदर पुनरावलोकन सम्बन्धी सूचना र निर्देशन स्थानीय तहको जानकारीको लागि तहाँ मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन समेत अनुरोध छ। उक्त सूचना तथा निर्देशन यसै साथ संलग्न गरी पठाईएको छ।

(टोपलाल अर्याल)
शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा,
वेबसाइटमा राखिदिनु होला।

योजना तथा अनुगमन महाशाखा
दर्ता नं.: १५२
मितिः ६।१

फोन नं. ०१-४५६५५१७, Email: info@deoc.gov.np, website: www.deoc.gov.np
(नोटः कृपया पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहोला।)

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सहकारी रजिष्ट्रारको कार्यालय
फोन नं. [illegible]
Email: info@deoc.gov.np
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल

पत्र संख्या : ०८३/८४
चलानी नं. : 30C

मिति: २०८३।०५।३१
ने.सं. ११४६

**विषयः सन्दर्भ ब्याजदर सम्बन्धमा जारी गरिएको निर्देशन।**

सहकारी ऐन, २०७४ को दफा ५१ को उपदफा (१) बमोजिमको समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनको लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर पुनरावलोकन भएको हुँदा सहकारी नियमावली, २०७५ को नियम ७६ ले दिएको अधिकार प्रयोग गरी ब्याजदर सम्बन्धमा तपसिल बमोजिम जारी गरिएको निर्देशन सरोकारवाला सबै निकायले कार्यान्वयन गर्नु,गराउनुहुन अनुरोध छ। साथै, राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत सहकारी संघहरुले आफ्ना सदस्यहरुलाई निर्देशन सम्बन्धमा जानकारी गराई पालनाको अवस्थाको अनुगमन गर्नुहुन समेत अनुरोध छ।

तपसिलः

१. सहकारी संस्थाको सन्दर्भ ब्याजदरको अधिकतम सीमा साविकमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ को उपदफा (१) बमोजिमको समितिको सिफारिसमा मिति २०८३ साल असोज १ गतेदेखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १२ प्रतिशत तोकिएको छ। उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशतभन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु पर्नेछ,

२. सहकारी संस्थाले आफ्नो कारोवारको अवस्था, आवश्यकता र औचित्यता समेतको विश्लेषण गरी ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत भन्दा कम हुने गरी ब्याजदर कायम गर्न सक्नेछन। तर बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी मात्र कायम गर्नु पर्नेछ,

३. सहकारी संस्थाले सदस्यलाई प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सो को आधारमा ब्याज लगाउन नपाउने कानूनी व्यवस्थाको पूर्ण परिपालना गर्नुपर्नेछ। साथै, सहकारी संस्थाले हर्जाना रकम लिने निर्णय गरेको अवस्थामा असूल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशतभन्दा बढी रकम लिन पाईने छैन,

गौतम
रजिष्ट्रार

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

फोन नं. ४५६५३६५
Email: info@deoc.gov.np
Website: WWW.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८३/८४
चलानी नं. : ३०८

४. सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणसँग सम्बन्धित सम्पूर्ण लागत ब्याजदरमा नै प्रतिबिम्वित हुने हुँदा प्रशासनिक शुल्क, सेवा शुल्क, नवीकरण शुल्क, फाराम दस्तुर वा यस्तै अन्य कुनै पनि प्रकारका शिर्षकमा थप रकम लिन पाईने छैन.

५. सहकारी संस्थाले निर्धारण गरेको ब्याजदर सहकारीका सबै सदस्यहरुले थाहा पाउने गरी संस्थाको वेबसाइट वा अन्य माध्यमबाट अनिवार्य रुपमा सार्वजनिक गरी सूचित गर्नुपर्नेछ। एकै प्रकृतिको वचत वा ऋणमा ब्याजदर कायम गर्दा सहकारी संस्थाका सदस्य, सञ्चालक समितिका सदस्य/ पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरु एवं विभिन्न उपसमितिका संयोजक तथा सदस्य, व्यवस्थापक र कर्मचारीबीच कुनै विभेद गर्न पाइने छैन.

६. सहकारी संस्थाले ऋण प्रवाह गर्दा सम्वन्धित ऋणी सदस्यको व्यक्तिगत खातामा रकम जम्मा गर्नुपर्नेछ। सहकारी संस्थाबाट सदस्यले व्यक्तिगत रुपमा लिएको ऋण दायित्व भन्दा बढी हुने गरी ऋण दिने संस्थाको दायित्वसँग जोडेर ऋणको थप भार सदस्य व्यक्तिमाथि सिर्जना गर्न पाईने छैन।

२०८३/४/३१

(बाबुराम गौतम)
रजिष्ट्रार

बाबुराम गौतम
रजिष्ट्रार

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सहकारी रजिष्ट्रारको कार्यालय

नयाँ बानेश्वर, काठमाडौं

### सन्दर्भ ब्याजदर सम्बन्धमा सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको सूचना।

सहकारी संस्थाको लागि साविकमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत कायम गर्न सिफारिस गरेको हुँदा मिति २०८३ साल असोज १ गते देखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको छ। साथै, उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु, गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा सूचित गरिन्छ। सहकारी ऐन, २०७४ अनुसार तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा कार्यान्वयन नगरेमा कानुन बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ।